आज मिति २०७९ साल असोज १३ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइराला ज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा आ.व २०७९/८० को पाँचौ बैठक सम्पन्न गरियो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | दिबाकर पौडेल | सदस्य सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १ | नरेन्द्रराज घिमिरे | आर्थिक प्रशासन शाखा प्रमुख | |
| २ | ऋषि राम पौडेल | योजना अनुगमन तथा तथ्याङ्क शाखा प्रमुख | |
| ३ | रुजन मिश्रा | सूचना प्रविधि अधिकृत | |

## नगर-कार्यपालिकाको मिति २०७९/०६/१३ गते बसेको आ.व २०७९/८० को पाँचौ बैठकका निर्णयहरु :

**निर्णय नं १**

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०७९/०६/०७ गते बसेको आ.व २०७९/८० को चौथो बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा १० वटा निर्णयहरु भएकोमा १० वटा निर्णयहरु कार्यान्वयन भएको पाईयो ।

**निर्णय नं. २**

गरिब परिवार परिचय-पत्र वितरण कार्यविधि, २०७९ अनुसार यस नगरपालिका अन्तर्गत रहेका अति गरिब, मध्यम गरिब र सामान्य गरिबको सूची सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतद्वारा जानकारी गराईयो र सूची अनुसारका गरिब परिवारहरुको परिचयपत्र वितरण सम्बन्धमा आवश्यक सहजीकरण गर्ने निर्णय गरीयो ।

| सि.नं | वडा नं | अति गरिब | मध्यम गरिब | सामान्य गरिब | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १ | २६ | ४२ | १६ | ८४ | |
| २ | २ | ६१ | ५८ | २८ | १४७ | |
| ३ | ३ | ३ | १० | १० | २३ | |
| ४ | ४ | २ | ८ | ११ | २१ | |
| ५ | ५ | २५ | २८ | २३ | ७६ | |
| ६ | ६ | ३७ | २३ | ११ | ७१ | |
| ७ | ७ | ११ | २३ | १० | ४४ | |
| ८ | ८ | २८ | २५ | १२ | ६५ | |
| ९ | ९ | २० | १८ | ३५ | ७३ | |
| १० | १० | ५ | ९ | ५ | १९ | |
| ११ | ११ | ११ | १९ | ११ | ४१ | |
| जंम्मा | | २२९ | २६३ | १७२ | ६६४ | |

निर्णय पुष्टि

**निर्णय नं. ३**

सुन्दरबजार नगरपालिका क्षेत्र भित्र रहेका नदीजन्य पदार्थको उपयोग सम्बन्धमा प्रारम्भिक बाताबरणीय परीक्षण **(IEEE)** गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

सुन्दरबजार नगरपालिका वडा नं ५ मा संचालित विद्या ज्योति उच्च मा.विको मिति २०७९/०६/१३ को निवेदन अनुसार विद्यालयमा विद्यार्थी संख्याको आधारमा कक्षाकोठा नपुगेको कारण ६ कोठाको भवन र कार्यक्रम हल निर्माणका लागि भारतीय राजदुतावासमा सिफारीस गरिदिनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

आ.व २०७९/८० को विजया दशमी, शुभदीपावली, छठ पर्व तथा नेपाल सम्बतको अवसरमा शुभकामना आदान प्रदान गरीयो ।

२०७९।६।१२

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

निर्णय प्रमाणित

२०७९।६।१२

विद्याकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत